बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- २०८२/०८३
चलानी नं :- १५९३

वि.सं.: २०८२/१२/२२
ने.सं.: ११४६ चौलागा तृतीया, आइतबार

**विषय: सरकारी सञ्चार माध्यममा मात्र सूचना प्रकाशन/प्रसारण गर्ने सम्बन्धमा।**

श्री मन्त्रालय/आयोग/सचिवालय (सबै),
बागमती प्रदेश, हेटौंडा, नेपाल।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कायालयको मिति:२०८२/१२/१८, प.स.: २०८२/८३, च.नं.: प्र.शा./३११/३४९८ को पत्रबाट सञ्चार माध्यममा मात्र सूचना प्रकासन/प्रसारण गर्ने भनि लेखि आएको हुनाले सरकारी खर्चमा मितव्ययिता कायम गर्न, विज्ञापन तथा सूचना प्रकाशन र प्रसारणमा एकरुपता र पारदर्शिता ल्याउन तथा सरकारी स्वामित्वका सञ्चार माध्यमहरुको प्रवर्द्धन गर्ने उद्देश्यले आफू तथा मातहतका निकायहरुमा देहायबमोजिम कार्यान्वयन गर्न/गराउनु हुन प्राप्त पत्रको प्रतिलिपि साथै राखि अनुरोध गरिन्छ।

१. सार्वजनिक निकायबाट सार्वजनिक खरिद लगायतका सूचनाहरु सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तह एवम् सोअन्तर्गतका निकायहरुमा तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सार्वजनिक निकायहरुले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन जस्ता सरकारी एवम् सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यमबाट मात्र प्रकाशन तथा प्रसारणको व्यवस्था गर्ने।
२. उल्लिखित प्रकियाबाट प्रकाशन तथा प्रसारण भएका कार्यका लागि भुक्तानी गर्दा सरकारी तथा सार्वजनिक कोषबाट सोझै सम्बन्धित प्रकाशन तथा प्रसारण गर्ने संस्थाको कोषमा कात्र जम्मा हुने गरि गर्ने।
३. यसरी भुक्तानी गर्दा भुक्तानीको दर र छुट (Discount) रकमको विषय सम्बन्धित सञ्चार माध्यमले आधिकारिक रुपमा स्वीकृत गरेको हुनुपर्ने।

(सरोज आचार्य)
कम्प्युटर इन्जिनियर

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ वेबसाइट: https://ocmcm.bagamati.gov.np इमेल: ocmcm@bagamati.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- २०८२/८३
च.नं.:- प्र.शा./३११/३४९८

वि.सं. २०८२/१२/१८
ने.सं. ११४६ चौलाथ्व चतुर्दशी, बुधबार

श्री मन्त्रालय/आयोग/सचिवालय (सबै),
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सबै प्रदेश),
श्री स्थानीय तह (सबै)।

विषय: **सरकारी सञ्चार माध्यममा मात्र सूचना प्रकाशन/प्रसारण गर्ने सम्बन्धमा।**

सरकारी खर्चमा मितव्ययिता कायम गर्न, विज्ञापन तथा सूचना प्रकाशन र प्रसारणमा एकरूपता र पारदर्शिता ल्याउन तथा सरकारी स्वामित्वका सञ्चार माध्यमहरूको प्रवर्द्धन गर्ने सम्बन्धमा आफू तथा मातहतका निकायमा देहायबमोजिम गर्नु/गराउनु हुन यस कार्यालयको मिति २०८२/१२/१८ को निर्णयानुसार (सचिवस्तर) अनुरोध छ।

१. सार्वजनिक निकायबाट सार्वजनिक खरिद लगायतका सूचनाहरू सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह एवम् सोअन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन जस्ता सरकारी एवम् सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रसारणको व्यवस्था गर्ने।

२. उल्लिखित प्रक्रियाबाट प्रकाशन तथा प्रसारण भएका कार्यका लागि भुक्तानी गर्दा सरकारी वा सार्वजनिक कोषबाट सोझै सम्बन्धित प्रकाशन तथा प्रसारण गर्ने संस्थाको कोषमा मात्र जम्मा हुने गरी गर्ने।

३. यसरी भुक्तानी गर्दा भुक्तानीको दर र छुट (Discount) रकमको विषय सम्बन्धित सञ्चार माध्यमले आधिकारिक रूपमा स्वीकृत गरेको हुनुपर्ने।

(विनोद रेग्मी)
शाखा अधिकृत.


टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np